# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

**केन्द्रीय कार्यालय (Central Office)**

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२ मङसिर, २०७९

### मतदानपूर्वको मानव अधिकार अवस्थाको आयोगद्वारा अनुगमन

**स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने कार्यमा भूमिका खेल्न सबै पक्षलाई आयोगको आग्रह ।**

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको क्रममा आयोगको उच्चस्तरीय अनुगमन टोलीसहित ३२ वटा टोलीले सातै प्रदेशका ६७ जिल्लामा मतदानपूर्वको मानव अधिकार अवस्थाको अनुगमन गरी प्रारम्भिक जानकारी प्राप्त गरेको छ ।

अनुगमनबाट प्राप्त तथ्य र सूचना अनुसार बाँकेको नेपालगञ्ज र भोजपुर जिल्लामा बम विष्फोट हुँदा ३ जना घाइते भएका, दार्चुलाको नौगाड गाउँपालिकामा सत्ता गठबन्धन र एमाले कार्यकर्ता बिच झडप हुँदा एकजना गम्भीर घाइते भएको, चितवनको भरतपुरमा स्वतन्त्र उम्मेदवार र कांग्रेसका उम्मेदवारको सवारी साधनमा आक्रमण गरिएको लगायतका घटनाहरु भएको पाइएको छ । यसैगरी दाङ, प्युठान, रसुवा, नुवाकोट, रामेछाप, डोटी, काठमाडौं लगायतका ७२ जिल्लामा ठूला दलका उम्मेदवारले नै निर्वाचन गतिविधिमा बालबालिकालाई प्रयोग गरेका १ सय ६५ वटा सूचनाहरु आयोगलाई प्राप्त भएको छ । जसमा टिकटक बनाउने, प्रचार प्रसारको क्रममा नाचगानमा प्रयोग गर्ने, विद्यालयमा प्रचार सामग्री टाँस्न लगाउने जस्ता सूचनाहरु रहेका छन् । मतदाता नामावलीमा नाम नभएका कारण कारागारमा रहेका धेरै कैदी बन्दीहरुले मतदान गर्न नपाउने अवस्था देखिएको छ । निर्वाचनमा असहमति र अवज्ञा जनाएका समूहका कार्यकताहरुले जाजरकोट, रुकुम, रोल्पा, सल्यान लगायतका जिल्लामा स्थानीय नागरिकहरुलाई मतदान नगर्न दबाब दिँदै सभा तथा कार्यक्रमहरु गरिरहेको आयोगको अनुगमनबाट देखिएको छ ।

निर्वाचन प्रचार प्रसार र बालबालिकाको प्रयोग जस्ता निर्वाचन आचारसंहिता उल्लघंनका विषयलाई नियमन र नियन्त्रण गर्न निर्वाचन आयोगले देखाएको तदारुकतालाई आयोगले सकारात्मक रुपमा लिएको छ । मङ्सिर ४ गते निर्वाचनको दिनमा मानव अधिकार अवस्था अनुगमनका लागि आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरु, सचिव, सहसचिव, आयोगका पूर्व पदाधिकारीहरु नेतृत्वको १० वटा अनुगमन टोलीले काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, नुवाकोट, धादिङ जिल्लाहरुमा अनुगमन गर्नेछ ।

मतदाताको अधिकारको कदर गरी भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न, राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, नेपाल सरकार, नागरिक समाज, पर्यवेक्षक, सञ्चारकर्मी लगायत सबै सर्वसाधारणको महत्वपूर्ण भूमिका रहन्छ । अत : सबै राजनीतिक दल एवम् निर्वाचनमा खटिने सबै पक्षलाई निर्वाचन आचारसंहिताको अक्षरशः पालना गर्न, गराउन आयोग आग्रह गर्दछ । निर्वाचन असहमति जनाएका समूहलाई पनि निर्वाचन विरोधी तथा हिंसात्मक गतिविधिहरु नगर्न, नगराउन समेत आयोग विशेष आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
सहसचिव / प्रवक्ता